आज मिति २०७८।०८।२२ गते बुधबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राईज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको १३७ औं (आर्थिक वर्ष २०७८/०७९ को ९ औं) बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र राई | नगर प्रमुख | ९८५२८४४०५७<br>९८४१०३०१२७ | |
| २ | श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | ९८५२८४४०५८ | |
| ३ | श्री रामेश्वर कुँवर | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री रोहितमान तामाङ्ग | अध्यक्ष वडा नं. १ | ९८६२९२६२०६ | |
| ५ | श्री सन्तोष सुवेदी | अध्यक्ष वडा नं. २ | ९८१९७४४१२८<br>९८५२८४४०५९ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५<br>९८५२८४४०८२ | |
| ७ | श्री चरण कुमार राई | अध्यक्ष वडा नं. ४ | ९८०५९९९७००<br>९८५२८४४०८५ | |
| ८ | श्री देवनारयण चौधरी | अध्यक्ष वडा नं. ५ | ९८६२८१६६५६<br>९८५२८४४०६७ | |
| ९ | श्री कमलध्वज राई | अध्यक्ष वडा नं. ६ | ९८१९९८९५१८<br>९८५२८४४०६० | |
| १० | श्री तेजराज तिम्सिना | अध्यक्ष वडा नं. ७ | ९८४२८५५९५० | |
| ११ | श्री गड्डुड बहादुर वि.क. | अध्यक्ष वडा नं. ८ | ९८५२८४४०४९ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री राम कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८४२९८५०९६ | |
| १४ | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८१५७५६०६६ | |
| १५ | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | ९८४२१५४९०४ | |
| १६ | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८६३८७३९४३ | |
| १७ | श्री विमला राई | नगर कार्यपालिका सदस्य | ९७४१४१९७७८ | |
| १८ | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | ९८११७९०२४० | |
| १९ | श्री अस्मिता नेपाली | नगर कार्यपालिका सदस्य | ९७४०९८४५५९ | |
| २० | श्री प्रमीला दनुवार | नगर कार्यपालिका सदस्य | ९८०३९९६६८८ | |

Scanned with CamScanner

प्रस्तावहरु

१. भुमि सम्बन्धि लागत संकलन इकाइको व्यवस्थापन सम्बन्धमा ।

२. मर्मत सम्भार सम्बन्धि विभिन्न योजनाहरुको भुक्तानी गर्ने सम्बन्धमा ।

३. औषधि उपचार आर्थिक सहयोग सम्बन्धमा ।

४. नगर स्तरीय विपद तारजाली खरिद तथा वितरण उ.स.को भुक्तानी सम्बन्धमा ।

५. वडा न. ६ बस्ने गीता पोखरेलको माग निवेदन सम्बन्धमा ।

६. विभिन्न वडाहरुको अत्यावश्यक सडकहरु मर्मत तथा स्तरोन्नति गर्ने सम्बन्धमा ।

७. उदयपुर कोभिड-१९ अस्पतालमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा ।

## छलफल तथा निर्णयहरु

नि.नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल सरकारबाट भूमि सम्बन्धि समस्या समाधान आयोग गठन भई उक्त आयोगको मातहतमा यस न.पा. मा समेत लगत संकलन इकाई गठन भई न.पा.का सर्वे वडाबाट लगत संकलन गर्ने कार्य सम्पन्न भई हाल वडा नं. ८ बाट जग्गा नापनक्सा गर्ने कार्य शुरु गरिएको र हाल नापीले १ वटा मात्र टोली परिचालन गरेकोमा यस न.पा. मा जम्मा नापी गर्नु पर्ने जग्गाको क्षेत्रफल २५०० हेक्टर रहेकोले १ वटा मात्र टोलीबाट नापी गर्दा ~~अत्यन्त~~ लामो समय लाग्ने देखिएको हुँदा नापी कार्यलाई छिटो सम्पन्न गरी नागरिकहरु-को चाहना बमोजिम सकेसम्म छिटो पुर्जा वितरण गर्ने व्यवस्था मिलाउनको लागि २ वटा टोली थप गर्ने र सोको लागि आवश्यक जनशक्ति र मेशिनरी लगाएतका सामाग्रीहरु -व्यवस्थापनको लागी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । साथै नापी कार्यलाई सहज र छिटो बनाउन आवश्यक परेमा D.ज.P.S. प्रणाली समेतको व्यवस्था गर्ने र २ समुह थप गर्नको लागि तपसिल बमोजिमका जनशक्ति-हरु व्यवस्थाको लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

तपसिल

१. सर्भेक्षक - २ जना
२. अमिन - २ जना
३. फिल्ड सहायक - २ जना

नोटः- अन्य कर्मचारीको हकमा मिति २०७८/०६/०५ गतेको नगर-कार्यपालिकाको बैठकको निर्णय बमोजिम व्यवस्था गर्ने ।

नि.नं.२ प्रस्ताव नं.२ माथि छलफल गर्दा बर्षाको समयमा यस नपाको विभिन्न वडामा नदिकटान तथा सडकहरूमा क्षति भएको र नगर प्रमुख समेतबाट अनुगमन भई त्यस्ता क्षतिहरूको मर्मत गरिएको हुँदा तपसिले बमोजिमको खर्चहरू यस न.पा.को मर्मत संभार तथा भैपरी पुँजिगत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिल :-

१. लामाखोला नदि नियन्त्रण । जितमान राई वडा नं.२ रु.४६,९५३।-
२. बाटो ग्राभेल सडक मर्मत वडा नं.२ रु.५४,८२३।-

नि.नं.३ प्रस्ताव नं.३ माथि छलफल गर्दा यस न.पा. यस न.पा.को विभिन्न वडाका जनप्रतिनिधिहरू विभिन्न ~~[illegible]~~ दुर्घटनामा परी औषधी उपचारमा ठूलो खर्च लागेको र केही जनप्रतिनिधिहरू कोभिड महामारीको कारण ICU कक्षमा उपचार गराउदा अत्यन्त धेरै खर्च लागेको र निजहरूको यस्तो अवस्था अनुसार नपाबाट औषधी उपचार खर्च उपलब्ध गराउने निर्णय भएको हुँदा तपसिल बमोजिम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१. कुमलध्वज राई - अध्यक्ष वडा नं.६ रु.६०,०००।-
२. तेजराज लिम्बिना - अध्यक्ष वडा नं.७ रु.५०,०००।-
३. प्रकाश राउत - अध्यक्ष वडा नं.९ रु.१६०,०००।-
४. जानुका कमर - नगरकार्यपालिका सदस्य - वडा नं.६ रु.२००,०००।-

जम्मा रु.५,२०,०००।-

नि.नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा यस न.पा.को नगर-कार्यपालिकाको मिति २०७८/०५/१५ गतेको निर्णय बमोजिम नगर स्तरीय विपद तारजाली खरिद तथा वितरण उपभोक्ता समिति गठन गरि उक्त समिति मार्फत यस न.पा.का १० वटै वडाका ~~[illegible]~~ बाढी प्रभावित क्षेत्रहरूमा नदि नियन्त्रणको लागी बाँध निर्माण गर्न आवश्यक ६६४ थान तयारी तारजाली वितरण गरिएको र उक्त तारजाली प्रयोग गरी बाँध निर्माण कार्य सम्पन्न भई वडाको सिफारिस तथा प्राविधिक मूल्यांकन ~~[illegible]~~ प्रतिवेदन सहित भुक्तानी माग भई आएको हुँदा उक्त समितिले वितरण गरेको तारजालीको जम्मा खर्च रकम रु.२३,४८,२३४।- मात्र यस न.पा.को विपद व्यवस्थापन (तारजाली खरिद नदि नियन्त्रण हावाहुरी पुनर्वास लगायतका विषयहरू) शीर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

__नि.नं.५__ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ बस्ने गीता पोखरेलको माग निवेदन तथा ६ नं. वडा कार्यालयको च.नं. ६३१ मिति २०७८/०६/२० गतेको वडा सर्जमिन सहितको सिफारिस अनुसार निजो अतिविपन्न एकल महिला रहेको र निजको श्रीमान् पनि करिब १० बर्ष देखि बेपत्ता रहेको र मिति २०७८/०२/२८ गतेको वर्षा सहितको हावाहुरीले निजको घरको छाना उडाएको र निज आफैंले घर निर्माण गर्न नसक्ने अवस्था भएकोले निजलाई घर निर्माण तथा छानाको टिन खरिदको लागी रु. ५०,०००/- आर्थिक सहयोग राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

__नि.नं.६__ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाको माग बमोजिम उक्त मागहरुको सम्बन्धमा आवश्यक अध्ययन गर्दा तपसिल बमोजिमका सडकहरु मर्मत/स्तरोन्नती तथा ट्रयाक विस्तार जस्ता अत्यावश्यक कार्यहरु गर्नुपर्ने भएको हुँदा यस न.पा.को मर्मत संभार तथा भैपरी खर्च शीर्षकबाट भुक्तान गर्ने गरि तपसिलका योजनाहरु कार्यान्वय गर्ने निर्णय गरियो ।

__तपसिल__

1. पिकु चौधरीको घरदेखि विष्णु सदाको घर सम्म ग्राभेल तथा बडेरवा टोल विकास छदा बस्तीमा ह्युम पाइप राख्ने वडा नं. ५ रु. २००,०००/-
2. ५ नं. वडा कार्यालय देखि फत्तेपुर बाटो हुँदै जुटपानी प्रदेश सिमाना सम्म बाटो मर्मत तथा सम्भार वडा नं. ५ रु. २,८५,०००/-
3. जागिरमान राई र टंक बहादुर खड्काको घर हुँदै खिर्ती सम्म नयाँ बाटो ट्रयाक निर्माण वडा नं. २ रु. १२५,०००/-
4. जुटपानी ह्युमपाइप मर्मत तथा संभार वडा नं. ५ रु. १,६०,०००/-
5. सशस्त्र बेश क्याम्प चौ.न.पा. ६ मा गेट तथा सेन्ट्री रुम निर्माण रु. १,६०,०००/-
6. ~~हररखोला बाँध निर्माण सातघरे वडा नं. ६ रु. ६००,०००/-~~
6. हररखोलाको रुपैया बाँध निर्माण वडा नं. ६ रु. ६००,०००/-

__नि.नं.७__:- प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ मा संचालित उदयपुर कोभिड-१९ अस्पतालमा कोरोना संक्रमणको दोस्रो लहर फैलिए संगै मिति २०७८/०१/२४ गते देखि अस्पताल सञ्चालन गरि डाक्टर लगायतका आवश्यक कर्मचारीहरु करार तथा ज्यालादारीमा काम लगाइएकोमा हाल संक्रमितको संख्या अत्यन्त न्यून रहेको हुँदा आगामी १५/२० दिन सम्मपनि संक्रमण देखानपरेमा उक्त अस्पतालमा कामरत डाक्टर, हे.अ., सरसफाई सहयोगी र नर्सलाई करार भंग गर्ने र स्टाफनर्सहरुलाई नगर अस्पताल बेल्टार मा कामकाजमा खटाउने निर्णय गरियो ।